**प्रदेश सरकार,युवा तथा खेलकुद मन्त्रालय,गण्डकी प्रदेश, पोखराको विभिन्न खेल मैदानको निर्माण एवम् स्तरोन्नतीका लागि प्रस्ताव माग सम्बन्धी सूचना !!!**

**सुचना प्रकाशित मिति : २०७८/०५/२३**

यस मन्त्रालयको चालु आ.व.२०७८/०७९ को बार्षिक विकास कार्यक्रम बमोजिम खेलमैदानहरुको निर्माण एवम् स्तरोन्नती गर्ने कार्यक्रम भएकोले तपसिलका कागजात संलग्न गरी नियमानुसार दर्ता भएका खेल गतिविधि गर्ने युवा क्लव, खेल संघ, खेल संस्था, विद्यालय, स्थानीय तहले तोकिएको ढाँचामा प्रस्ताव तयार गरि २१ दिन भित्र सम्बन्धित जिल्ला खेलकुद विकास समितिको कार्यालय वा प्रदेश खेलकुद परिषद् वा युवा तथा खेलकुद मन्त्रालय,गण्डकी प्रदेश, पोखरामा पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

१. संस्थाको निवेदन
२. खेलमैदानहरुको निर्माण एवम् स्तरोन्नती सम्बनधी मापदण्ड, २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव
३. संस्था दर्ता र नवीकरण सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि
४. खेलमैदान निर्माण हुने जग्गाको जग्गा धनी प्रमाण-पत्रको प्रतिलिपी वा स्थानीय तहवाट जग्गाको क्षेत्रफल खुलाई उपयोग गर्न दिएको सिफारिस पत्र
५. संस्थाको निर्णयको प्रतिलिपि
६. खेलमैदानको निर्माण तथा स्तरोन्नतिको लागत अनुमान।

**पुनश्च :**

चालु आ.व.मा प्रदेश सरकारको बजेट तथा कार्यक्रममा समावेश भएका र नेपाल सरकारको संशर्त तर्फको कार्यक्रममा समावेश भएका खेलकुद पुर्वाधार निर्माण सम्बन्धी कार्यक्रमको हकमा लागत अनुमान र स्थानीय तहको सिफारिस संलग्न गरी बजेट मागको निवेदन यसै मन्त्रालयमा पेश गर्नुहुन।

( **"खेलमैदानहरुको निर्माण एवम् स्तरोन्नति सम्बनधी मापदण्ड, २०७८"** यसै मन्त्रालयको **Website** बाट प्राप्त गर्न सकिने छ।)

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल